# स्थानीय राजपत्र

भाग-१ खण्ड ८ संख्या २

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

## कर्मचारी व्यवस्थापन कार्यविधि ऐन, २०८१

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)


बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या २, २०८१ असार ३१

भाग- १


# कर्मचारी व्यवस्थापन कार्यविधि ऐन, २०८१

**प्रस्तावनाः**

साविकको स्थानीय निकायमा सम्वत् २०६४ साल आश्विन मसान्त सम्म अस्थायी/करार सेवामा प्रवेश गरी अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारीहरुको सम्वन्धमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७४ पौष २१ गतेको फैसला आदेश बमोजिम तत् तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्वारा स्थायी गर्न कानुनी व्यवस्थाको प्रबन्ध गर्न बाञ्छनीय भएकोले,

बागलुङ नगरपालिकाको १५ औं नगर सभाले कर्मचारी व्यवस्थापन कार्यविधि ऐन, २०८१ जारी गरेको छ ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कर्मचारी व्यवस्थापन कार्यविधि ऐन २०८१"** रहने छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **'कर्मचारी'** भन्नाले सम्वत् २०६४ असोज मसान्त सम्म बागलुङ नगरपालिकाको अस्थायी वा करार सेवामा नियुक्त भई सोही पदमा अविच्छिन्न रूपमा कार्यरत (हाल बागलुङ नगरपालिकामा समायोजन भएका सोही प्रकृतिका कर्मचारी समेत) कर्मचारी सम्झनु पर्दछ ।

(ख) **'कार्यपालिका'** भन्नाले बागलुङ नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) **'नगरपालिका'** भन्नाले बागलुङ नगरपालिका सम्झनु पर्दछ ।

(घ) **'सभा'** भन्नाले संविधानको धारा २२३ बमोजिम गठित बागलुङ नगरपालिकाको **'नगर सभा'** सम्झनु पर्दछ ।

(ङ) **'प्रमुख'** भन्नाले बागलुङ नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(च) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **'समिति'** भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ज) **'अविछिन्न रुपमा कार्यरत कर्मचारी'** भन्नाले साविक नगरपालिका र गा.वि.स मा सम्वत २०६४ साल आश्विन मसान्त भन्दा अगाडी देखि स्वीकृत दरवन्दीमा अस्थायी/करार नियुक्ति भई अविछिन्न रुपमा कार्यरत रहेको कर्मचारी सम्झनु पर्दछ ।

**स्पष्टीकरणः-** सेवा प्रवेश देखि हाल सम्म कार्यरत रही आए पनि वीचमा सेवा छुट भएको र पूनः सेवामा आवद्ध रहेको कर्मचारीको हकमा अविछिन्न रुपमा कार्यरत रहेको मानिने छैन ।

# परिच्छेद २

## विशेष पदपूर्ति र तह मिलान सम्वन्धी व्यवस्था

३. **अदालतको आदेश कार्यान्वयनः** (१) नगरपालिकाले सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७४।९।२१ को निवेदक ऋचा उप्रेती विरुद्ध मन्त्रिपरिषद, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय समेत, भएको उत्प्रेषण मुद्धा (०६९-WO-००६१) को आदेश बमोजिम सम्वत् २०६४ असोज मसान्त सम्म बागलुङ नगरपालिकामा अस्थायी/करार सेवामा नियुक्त भई सोही पदमा हालसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरुको सेवा सीमित प्रतियोगिताबाट स्थायी गर्ने छ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको सेवा स्थायी गर्ने प्रक्रिया सम्पादन गर्न नगरपालिकामा एक पदपूर्ति समिति गठन हुनेछ। उक्त समितिले गठन भएको मितिले ३ महिना भित्रमा कार्यसम्पन्न गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(घ) पदपुर्ती समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(४) उपदफा (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

४. **पदपूर्ति सम्वन्धी विशेष व्यवस्थाः** सम्मानित अदालतको आदेश बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरवन्दीको पदमा सम्वत् २०६४ साल आश्विन मसान्तसम्म नियुक्त भई अविच्छिन्न रुपमा यस कार्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पुगेको अवस्थामा सम्वन्धित कर्मचारीहरुको आन्तरिक सिमित प्रतिस्पर्धा गराई सोही पदमा एक पटकको लागि स्थायी पदपूर्ति गर्न सकिनेछ ।

५. **तह मिलान तथा समायोजनः** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीहरुको स्वतः तह मिलान तथा समायोजन हुनेछ । समायोजन तथा तह मिलान प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

६. **सेवा अवधि गणना हुनेः** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीको सेवा अवधि स्थायी नियुक्त भएको मिति देखि गणना हुने छ तर उपदान प्रयोजनको लागी शुरु अस्थायी/करार सेवा अवधिको २५ प्रतिशत अवधि गणना गरी उपदान दिईने छ र बढुवा प्रयोजनको लागी प्रचलित कानुन बमोजिम नोकरी अवधि गणना हुने छ ।

७. **सेवा समाप्त हुनेः** यो ऐन बमोजिम भएको सूचनामा भाग लिई परीक्षामा अनुत्तिर्ण हुने कर्मचारी स्वतः अवकाश हुने छन् ।

## परिच्छेद ३

## विविध

८. **परीक्षा विधिः** यस ऐन बमोजिम सम्वत् २०६४ असोज मसान्त सम्म नियुक्त भई अविच्छिन्न रूपमा नगरपालिकामा अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी

गर्न समितिले सेवा, समूह र पदका लागि आवश्यकता र उपयुक्तताका आधारमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा विधि अवलम्बन गर्न सक्नेछ ।

९. **समितिको विघटनः** दफा ३ बमोजिम गठित समिति यो ऐन बमोजिमको कार्य सम्पन्न गरे पश्चात् स्वतः विघटन हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउः** यो ऐन कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले फुकाउन सक्ने छ ।

**प्रमाणिकरण मिति :** २०८१।०३।३१ गते सोमवार

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत